# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. ३, धादिङ्ग

## नगरपालिका क्षेत्र भित्रको जैविक फोहर बाट ऊर्जा (बायोग्यास) उत्पादन गर्नको लागि योग्य आवेदक (लगानिकर्ता) छनौट गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०२/२८**

१) नेपाल सरकारले विश्व बैंकबाट Scaling Up Renewable Energy Program (SREP):Extended Biogas Project को लागि अनुदान प्राप्त गरेको र सो को केहि अंश यस नगरपालिका भित्र उत्पादन हुने फोहरबाट ऊर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरुप खर्च गर्न चाहेको हुँदा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा विश्व बैंकबाट स्वीकृत विधि एवं प्रक्रिया बमोजिम देशका सम्पूर्ण योग्य लगानीकर्ताहरुको लागि यस नगरपालिका बाट योग्यता सम्बन्धि यो सूचना आह्वान गरिएको छ ।

२) निलकण्ठ नगरपालिका प्रदेश नं. ३ मा रहेको एक नगरपालिका हो, जहाँ बाक्लो बस्ती र व्यापारिक गतिविधिहरु मौजुदा रहेका छन् । यसबाट दैनिक रुपमा उल्लेखनीय परिमाणमा बिभिन्न प्रकारको फोहर उत्पादन भैरहेको छ । फोहर मैला व्यवस्थापन ऐन २०६८ ले नगरपालिका लाई यस्तो फोहरको व्यवस्थापन गर्ने अधिकार दिएको छ, तदानुसार यस नगरपालिकाले नगर क्षेत्रमा उत्पन्न फोहर बाट ऊर्जा उत्पादन गर्ने लक्ष्य लिई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेको छ ।

३) यस प्रक्रियामा सहभागी हुन इच्छुक आवेदकहरुले निलकण्ठ नगरपालिका कार्यालय, धादिङ्ग वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुरबाट लिखित निवेदन पेश गरी योग्यता सम्बन्धि कागजातहरु प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र हरुको प्रतिलिपि पेश गर्नुपर्नेछ । योग्यता सम्बन्धी कागजातहरु यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनको १२ बजे सम्म नगरपालिका कार्यालय वा केन्द्रबाट रु १ हजार मा खरिद गर्नु पर्नेछ । सो दस्तुर निलकण्ठ नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, धादिङ्गबेंसी शाखा, खाता नं (च. हि. नं. १०३०३०३००७१०२) मा बैंक दाखिला गर्नुपर्ने छ ।

४) यस कार्यको पूर्व बोलपत्र बैठक मिति २०७५/३/१६ का दिन २ बजे नगरपालिका कार्यालयमा हुनेछ ।

५) योग्यता सम्बन्धी आवेदन तथा कागजातहरु सीलबन्दी रुपमा मिति २०७५/३/२७ का दिन १२ बजे भित्र नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त कागजातहरु उपर कारवाही गरिने छैन ।

६) सीलबन्दी गरिएका कागजातहरु उपस्थितहुन चाहेका आवेदकहरुको रोहवरमा मिति २०७५/३/२७ का दिन १ बजे नगरपालिका कार्यालयमा खोलिने छ । योग्यताका कागजातहरु खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिन सम्मको लागि मान्य हुनेछन् ।

७) योग्यता सम्वन्धि कागजातहरु पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समय कायम हुनेछ ।

८) कुनै वा सबै योग्यताका कागजातहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा रहनेछ ।

९) यस सम्बन्धि थप जानकारी नगरपालिका कार्यालय वा केन्द्रको निम्न उल्लिखित ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । योग्यता सम्बन्धि मूल्यांकनका आधारहरु योग्यता सम्बन्धि कागजातमा स्पष्ट उल्लेख गरिएको छ ।

| | |
|---|---|
| **निलकण्ठ नगरपालिका**<br>नगरकार्यपालिकाको कार्यालय<br>धादिङ्गबेंसी, धादिङ्ग<br>फोन नं : ०१०-५२०५६८, ५२०५५९<br>इमेल : neelakanthamun@gmail.com<br>वेवसाइट : www.neelakanthamun.gov.np | **वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**<br>खुमलटार, ललितपुर<br>फोन नं : ०१-५५३९३९०/५५३९३९१<br>इमेल : info@aepc.gov.np<br>वेवसाइट : www.aepc.gov.np |